# बढैयाताल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
**मैनापोखर,बर्दिया**

## बोलपत्र आह्वानको सूचना

**पहिलो पटक प्रकाशित मिति २०८०/१०/०९**

यस कार्यालयबाट तपसिलका कार्यहरु वोलपत्र माध्यमबाट गराउनु पर्ने भएकोले इच्छुक इजाजत प्राप्त उत्पादक तथा सप्लायर्सहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र आव्हान गरिएको छ ।

**शर्तहरु**

१. आ.व.२०७९/०८० सम्मको नविकरण गरेको इजाजतपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाण-पत्रको प्रतिलिपी र औषधी आपुर्ति गर्ने ईजाजतपत्रको प्रमाणि प्रतिलिपी संलग्न राखी देहायको दस्तुर (फिर्ता नहुने गरी) नगद तिरी निवेदन दिएमा प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औं दिन कार्यालय समय सम्ममा वोलपत्र फारम **बढैयाताल गाउँपालिकाको कार्यालयबाट** उपलब्ध हुनेछ ।

२. खरिद भएको बोलपत्र फाराम यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२:०० बजे भित्र रितपूर्वक भरी प्रत्येक पानामा दस्तखत गरी सिलबन्दी गरी खाम बाहिर कामको नाम र ठेक्का नं. समेत खुलाई **बढैयाताल गाउँपालिकाको कार्यालय मैनापोखर बर्दिया**मा मात्र दर्ता गराई सक्नु पर्नेछ । रित पूर्वक पर्न आएका सिलबन्दी बोलपत्र सोही दिनको २.०० बजे वोलपत्रदाता र कर्मचारीको रोहवर **बढैयाताल गाउँपालिकाको कार्यालयमा** खोलिनेछ । वोलपत्रदाता उपस्थित नभए पनि खोल्न बाधा पर्ने छैन ।

३. जमानत वापत प्रत्येक सिलबन्दी दरभाउ-पत्र साथ देहाय बमोजिमको रकम यस कार्यालयको मैनापोखर, बर्दिया स्थित **सिटिजन्स् बैंक इन्टरनेशनल लि.**को खाता नं.०६४०१००००००१०२०२ धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरेको दरभाउ-पत्र पेश गर्ने अन्तिम मितिबाट ९० दिन म्याद भएको बैंक ग्यारेन्टी (विडवण्ड) पेश गर्नुपर्नेछ ।

४. औषधी खरिद गर्दा WHO GMP Certified Company बाट उत्पादित औषधीहरु मात्र खरिद गरिने छ ।

५. खरिद हुने औषधीहरुको सम्वन्धमा उक्त औषधी यस कार्यालयमा बुझाउदा सम्म Manufactring Date af6 Expiry Date कम्तीमा १२ महिना बांकी हुनु पर्ने छ । उत्पादन मिति बाट १२ महिना भन्दा घटी Expiry Date भएका औषधीहरुको हक ७५ प्रतिशत म्याद हुनुपर्नेछ । सो भन्दा घटी म्याद भएका औषधीहरु बुझिलिने छैन ।

६. सिलवन्दी वोलपत्र स्वीकृत गर्ने/नगर्ने आंशिक स्वीकृत गर्ने/कारण नजनाई रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

७. बोलपत्र खरिद र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट सोही समयमा उक्त कार्यहरु हुनेछन् ।

८. रित नपुगेको र म्याद नाघी आएको सिलवन्दी बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।

९. सूचनामा उल्लेख नभएका कुराहरु सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम हुनेछ ।

१०. अन्य जानकारीको लागि गा.पा.को कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**तपसिल**

| ठेक्का नं. | योजनाको नाम | ल.ई.रकम (भ्याट सहित) | आवश्यक धरौटी | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|
| २।०८०।०८१ | औषधी तथा सर्जिकल सामग्री खरिद | २१०५२२५। | ५३०००। | ३०००। |

**प्रमुख प्रशासकीय अधिकृत**